का.जि.प्र.का.द.नं. १००/०५९/६०
१६ फागुन २०७९, मंगलबार
28 February 2023, Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक ३४ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com




सरकारबाट एमालेको बहिर्गमन

# प्रचण्डको काँधमा १६ मन्त्रालय

- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक
- श्रम, रोजगार तथा सामाजिक सुरक्षा
- ऊर्जा, जलस्रोत तथा सिँचाई
- सहरी विकास
- कानुन, न्याय तथा संसदीय मामिला
- अर्थ
- कृषि तथा पशुपंक्षी विकास
- उद्योग, वाणिज्य तथा आपूर्ति
- परराष्ट्र
- शिक्षा, विज्ञान तथा प्रविधि
- स्वास्थ्य तथा जनसङ्ख्या
- गृह
- युवा तथा खेलकुद
- वन तथा वातावरण
- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण

**दीपेन्द्रविक्रम तामाङ/मध्यान्ह**
काठमाडौं, १५ फागुन ।



“ पुस १० मा भएको सहमति अनुसार नै अघि बढ्छ भन्ने लागेको थियो, तर माओवादीले अर्कै समीकरणतर्फ रुची देखाएपछि हामी सरकारमा बसिरहनुको औचित्य रहेन ।

● **विष्णुप्रसाद पौडेल**, निवर्तमान अर्थमन्त्री

समाचार पृष्ठ २

# ११ सांसदले बुझाएनन् सम्पत्ति विवरण

सार्वजनिक पद धारण गरेको व्यक्तिले ६० दिनभित्र सम्पत्ति विवरण बुझाउनु पर्ने व्यवस्था छ । समयमै विवरण नबुझाउने सांसदलाई भ्रष्टाचार निवारण ऐन २०५९ अनुसार जनही ५ हजार जरिवाना हुनेछ ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १५ फागुन ।

प्रतिनिधिसभाका २७५ जनामध्ये ११ सदस्यले आफ्नो सम्पत्ति विवरण बुझाएका छैनन् । सार्वजनिक पद धारण गरेको व्यक्तिले ६० दिनभित्र सम्पत्ति विवरण बुझाउनु पर्ने व्यवस्था छ । यस व्यवस्था अनुसार फागुन ७ गतेसम्म सांसदहरुले सम्पत्ति विवरण बुझाउनुपर्ने थियो ।

किनभने, ४ मंसिरमा सम्पन्न चुनावबाट निर्वाचित सांसदहरुले पुस ७ गते शपथ ग्रहण गरेका थिए । अब समयमै विवरण नबुझाउने सांसदलाई भ्रष्टाचार निवारण ऐन २०५९ अनुसार जनही पाँच हजार जरिवाना हुनेछ । साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्ता व्यक्तिको सम्पत्ति शंकास्पद मानेर छानबिन गर्न सक्नेछ ।

सम्पत्ति विवरण नबुझाउने सांसदहरुमा पशुपतिशम्शेर जबरा, अजयकुमार चौरसिया, उदयशम्शेर जबरा, टेकबहादुर गुरुङ (निलम्बित) वर्षमान पुन, मनोरमा शेरचन, महिन्द्र राय यादव, मेटमणि चौधरी, मोहनबहादुर बस्नेत, राजकुमार गुप्ता र लक्ष्मी महतो कोइरी छन् । जबरा राप्रपाका हुन् । लक्ष्मी महतो कोइरी एमालेका सांसद – बाँकी पृष्ठ २ मा

# ठूला निर्माण आयोजना अलपत्र

सरकारको निर्णय क्षमताको अभाव, अवरोध सुल्झाउने प्रशासकीय-व्यवस्थापकीय क्षमता र प्राविधिक दक्षता नहुँदा परियोजनाहरु अन्योलमा परेका हुन् ।

● **सूर्यराज आचार्य**
पूर्वाधारविद्

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १५ फागुन ।

हरेक सरकारले विकास निर्माणका कामलाई तिव्र गतिमा अघि बढाउने दाबी गरेपनि विकास निर्माणका काम भने एकपछि अर्को गर्दै ढिलाई हुनथालेको छ । बाहिरी ठेकेदारले जिम्मा लिएको काम मात्रै होइन, सरकारले नै सुरु गरेका कैयौं आयोजना समेत अलपत्र – बाँकी पृष्ठ २ मा

## कमला पुलको निर्माण दुई हप्ताभित्र सुरु गर्न निर्देशन

**राजेन्द्र महतो/मध्यान्ह**
सिराहा, १५ फागुन ।

उपप्रधान तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्री नारायणकाजी श्रेष्ठले सिराहा-धनुषा जोडिने कमला पुलको निर्माण कार्य दुई हप्ताभित्र सुरु गर्न निर्देशन दिएका छन् ।

हुलाकी सडक खण्ड अन्तरगतको सिराहा - धनुषा जोडिने कमला पुल निर्माण भएर सञ्चालन नहुँदै भासिएको थियो । सोमबार – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# रोजगारदाताबाट आएको शोधभर्नाको विवरण पठाउन विभागको उर्दी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ फागुन

वैदेशिक रोजगार विभागले स्वच्छ एवम् न्यायोचित भर्ना प्रणालीबाट वैदेशिक रोजगारीमा धेरै कामदार पठाउने म्यानपावर कम्पनीलाई प्रोत्साहित गर्ने भएको छ ।

सोमबार एक सूचना जारी गर्दै विभागले नेपाल सरकारले विगत लामो समयदेखि स्वच्छ एवम् न्यायोचित भर्ना प्रणालीबाट वैदेशिक रोजगारीमा कामदार पठाउने नीति कार्यान्वयन गरिरहेको स्मरण गराउँदै नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई संघमा आवद्ध सो नीतिअनुसार कामदार पठाउने वैदेशिक रोजगार व्यवसायी संस्थाहरूको विवरण पठाउन आग्रह गरेको छ ।

विभागले म्यानपावर कम्पनीहरूले कामदार पठाएको देश, गत आर्थिक वर्ष र चालू आर्थिक वर्षको हालसम्मको विवरण र कामदार पठाएर रोजगारदाताबाट म्यानपावर कम्पनीले शोधभर्नाबापत पाएको – बाँकी पृष्ठ २ मा

## मौसमी कामदारको भ्रामक सूचनाबारे विभागले गरायो सचेत

**काठमाडौं/मस**– वैदेशिक रोजगार विभागले मौसमी कामदारका लागि दक्षिण कोरियालगायत विभिन्न मुलुकबाट डिमाण्ड आएको भ्रामक सूचनाको आधारमा रकम उठाउने गरिएको सूचना आएको भन्दै सचेत हुन आग्रह गरेको छ ।

विभिन्न अनलाइनमा भ्रामक सूचना राखेर ठगी गरेको उजुरी दैनिकरूपमा आइरहेको भन्दै विभागले हालसम्म दक्षिण कोरियालगायत अन्य देशबाट मौसमी कामदारको डिमाण्ड नआएको बताएको छ ।

‘मौसमी कामदार व्यवस्थापन निर्देशिका २०७९’मा मौसमी कामदार माग – बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार शाखा तथा प्रतिनिधि संरक्षण संघ कास्कीमा नयाँ नेतृत्व



**पोखरा/मस**– वैदेशिक रोजगार शाखा तथा प्रतिनिधि संरक्षण संघ कास्कीको अध्यक्षमा सुजन श्रेष्ठ निर्वाचित भएका छन् । आइतबार राति सम्पन्न निर्वाचनमा संघको अध्यक्षमा श्रेष्ठ निर्वाचित भएका हुन् । यस्तै निर्वाचनले वरिष्ठ उपाध्यक्षमा घनश्याम – बाँकी पृष्ठ २ मा


## कतारको IBA GROUP कम्पनी अन्तर्गत रोजगार

कम्पनी: ISMAIL BIN ALI TRADING & CONTRACTING CO. शहर: Qatar, Doha

पुर्व स्वीकृत मिति: २०७९/११/१२ चलानी नं.: ६०१९७१७१ L.T. No.: 281676

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 50 | 0 | स. काममा दक्ष | 1000 | ३६,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

यसै कम्पनीका लागि Plumber, Electrican, Mason & Painter हरूको पनि माग भै आएकाले नि:शुल्क परामर्शकको लागि सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २५ देखि २८ गते सम्म (9 to 12 March 2023) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

QATAR INTERNATIONAL MANPOWER PVT. LTD. 2022
Gov. Lic. No. 1578/079/80
Tokha-05, Basundhara, Kathmandu
Ph. No.: 01-5914971
Mobile : 9849664971, 9826101000
E-mail: info@qim.com.np





मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१६ फागुन २०७९, मंगलबार
28 February 2023, Tuesday

## सरकारबाट...

नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सरकारबाट बाहिरिएसँगै सरकारमा सहभागी दलको दंख्या दुई (माओवादी केन्द्र र जनमत पार्टी)मा सीमित भएको छ । यी पाँच दलले १० पुसमा पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा सरकार बनाएका थिए । तत्कालीन पाँच दलीय गठबन्धनमा रहेको प्रमुख दल एमालेको सोमवार बसेको एमाले सचिवालय बैठकले सरकारबाट बाहिरिने निर्णय गरेको हो । एमालेले सरकारलाई दिएको समर्थन पनि फिर्ता लिएको छ ।

एमाले समर्थन फिर्ता सँगै सरकारबाट बाहिरिएपछि नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारमा दुई दल मात्रै रहेका छन् ।

पुस १० मा सरकार बनाउने उदेश्यले बनेको सत्ता गठबन्धनको अर्को दल राष्ट्रिय प्रजातन्त्र पार्टी यसअघि नै शनिबार सरकारबाट बाहिरिसकेको छ । उसले पनि सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ । एमाले र राप्रपाले समर्थन फिर्ता लिएसँगै सरकार अल्मतमा परेको छ ।

सचिवालय बैठकमा बोल्दै अध्यक्ष ओलीले प्रचण्ड सुध्रिएको ठानेर विगतका सबै कुरा बिर्सेर सहकार्य गरेपनि त्यस्तो नदेखिएको बताएका थिए । आइतबार संयुक्त राष्ट्रसंघको महासभामा सहभागी हुन जान लागेकी परराष्ट्रमन्त्री विमला पौड्याललाई रोकिएपछि एमालेले प्रचण्डबाट अपमानको अनुभव गरेको हो ।

'हामीमाथि अपमान गर्ने काम भयो, कोलिसनको सरकारमा रहेका प्रधानमन्त्री प्रचण्डले अपमान गरे,' बैठकमा अध्यक्षको भनाइ उधृत गर्दै उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले भनिन्, 'प्रचण्डको स्थिति बदलिएको भन्ने सोचेका थियौं, अझै व्यवहार परिवर्तन भएको रहेनछ । अब यही अपमान सहेर सरकारमा बस्न सकिएन ।'

एमालेका मन्त्रीहरुले सोमबार नै प्रधानमन्त्री प्रचण्ड समक्ष राजिनामा समेत बुझाइसकेका छन् । अब एमालेले संसदमा प्रतिपक्षीको भूमिकामा रहने जनाएको छ ।

उपप्रधान तथा अर्थमन्त्री समेत रहेका पार्टीका उपाध्यक्ष विष्णुप्रसाद पौडेलले सरकारमा रहेर काम गर्ने सोच रहेपनि प्रधानमन्त्रीबाट एमाले र पार्टीबाट सहभागी मन्त्रीबारे गरिएको पछिल्ला अभिव्यक्ति र व्यवहारले सरकारमा बस्न नसकिएको बताए ।

सचिवालय बैठकपछि पौडेलले पत्रकारहरुसँग भने 'खासगरी पुस १० मा दुई दलबीचमा भएको सहमति अनुसार नै अघि बढ्छ भन्ने लागेको थियो, तर घटनाक्रम त्यस अनुसार अगाडि बढेन । त्यसैले हामीले सरकारमा बसिरहनुको औचित्य पनि देखेनौं ।'

यसअघि २५ फागुनसम्म सरकारमै रहने एमालेले बताएको थियो । तर प्रधानमन्त्री प्रचण्डले सरकारबाट बर्खास्त गर्ने वा बिनाविभागीय मन्त्री बनाउनेजस्ता अभिव्यक्ति दिएकाले सोमबार नै यस्तो निर्णयमा पुगेको एमालेका एक नेता बताउँछन् ।

एमालेका मन्त्रीहरुको राजिनामापछि प्रधानमन्त्री प्रचण्डको काँधमा १६ मन्त्रालय परेका छन् । एमाले, राप्रपा र राष्ट्रिय स्वतन्त्र पार्टी सरकारबाट बाहिरिएपछि प्रधानमन्त्री प्रचण्डको काँधमा १६ मन्त्रालयको जिम्मेवारी परेको हो । एमाले र राप्रपाले सरकारबाट बाहिरिनुका साथै समर्थन समेत फिर्ता लिइसकेका छन् भने रास्वपाले समर्थन फिर्ता लिएको छैन । यसअघि राप्रपा र रास्वपा सरकारबाट बाहिरिएपछि प्रचण्डको काँधमा आठ मन्त्रालय थिए ।

एमाले, राप्रपासहित सात दल र एक स्वतन्त्र सांसदको समर्थनमा गत पुस १० गते प्रचण्ड प्रधानमन्त्री बनेका थिए । त्यसबेला प्रधानमन्त्री प्रचण्डलाई १६९ जना सांसदले समर्थन जनाएका थिए ।

प्रतिनिधि सभामा एमालेका ७८ र राप्रपाका १४ सांसद छन् । एमाले र राप्रपाले समर्थन फिर्ता लिएपछि दाहाल नेतृत्वको सरकारको पक्षमा ७७ सांसद मात्रै रहेका छन् । त्यसैले अल्पमतमा परेका प्रधानमन्त्री प्रचण्डले अबको एक महिनाभित्र प्रतिनिधिसभाबाट पुनः विश्वासको मत लिनुपर्नेछ । संविधानको धारा १०० सयमा सरकारमा सहभागी दलले समर्थन फिर्ता लिएमा विश्वासको मत लिनुपर्ने व्यवस्था गरिएको छ । उपधारा २ मा भनिएको छ, 'प्रधानमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा ३० दिनभित्र प्रधानमन्त्रीले विश्वासको मतका लागि प्रतिनिधि सभा समक्ष प्रस्ताव राख्नुपर्नेछ ।'

तर प्रधानमन्त्री प्रचण्डले १२ फागुनमा ठूलो दल नेपाली कांग्रेससहितको ८ दलीय नयाँ गठबन्धन घोषणा गरिसकेकाले सुविधाजनक रुपमा विश्वासको मत पाउने अवस्था छ । प्रतिनिधिसभामा कांग्रेसको ८९, माओवादीको ३२, जसपाको १२, नेकपा एकीकृत समाजवादीको १०, जनमत पार्टीको ६, लोसपाको ४, नागरिक उन्मुक्ति पार्टीको ३ र राष्ट्रिय जनमोर्चाको १ जना सांसद छन् । अर्थात ८ दलको मात्र १५७ सांसद छन् । त्यसैगरी १९ सिट रहेको चौथो ठूलो दल राष्ट्रिय स्वतन्त्र पार्टीले पनि प्रधानमन्त्री प्रचण्डको सरकारलाई दिएको समर्थन निरन्तरता रहने जनाएको छ । प्रधानमन्त्रीले विश्वासको मत पाउन १३८ सांसदको समर्थन भए पुग्छ ।

तर प्रधानमन्त्री प्रचण्डले २५ फागुनका लागि तय राष्ट्रपतिको निर्वाचन र चैत्र ३ मा हुने उपराष्ट्रपति निर्वाचनअघि नै संसदमा विश्वासको मत लिने तयारी गरेका छन् । प्रधानमन्त्री प्रचण्डको काँधमा १६ मन्त्रालयको जिम्मेवारी आइपरेकोले चाँडै विश्वासको मत लिएर सरकार विस्तार गर्नुपर्ने अवस्था आएको हो । सम्भवतः अब विस्तार हुने प्रचण्ड क्याबिनेटमा नेपाली कांग्रेस र एकीकृत समाजवादीको समेत इन्ट्री हुनेछ ।

पाँच दलीय गठबन्धन बनाएर संयुक्त रुपमा निर्वाचन लडेका दलहरुबीच निर्वाचनपछि गठन हुने पहिलो सरकारको नेतृत्व माओवादी केन्द्रले गर्ने भद्र सहमति भए पनि जनमतको आधारमा ठूलो दल भएको जिकिर गर्दै कांग्रेसले सत्ताको चाबी आफूलाई सुम्पिन नमान्दा बालकोट पुगेका प्रचण्ड र एमाले अध्यक्ष ओलीबीच कांग्रेस वाहेकको सरकार गठन गर्ने सहमति भएको थियो । पुस १० मा भएको उक्त सहमति अनुसार नै प्रदेश सरकार, सभामुख र उपसभामुख, राष्ट्रपति र उपराष्ट्रपतिको पनि दलीय भागबण्डा भएको थियो । तर सहमति विपरित प्रचण्डले राष्ट्रपति एमालेलाई छोड्न नसक्ने अडान लिएपछि ओली र प्रचण्डबीचको सम्बन्धमा चिसो पसेको थियो । जनमतको आधारमा संसदमा तेस्रो दल बने पनि एमालेको आडमा प्रधानमन्त्रीको कुर्सी उम्काउन सफल भएका प्रचण्ड दुई महिनापछि नै राष्ट्रिय सहमतिको राष्ट्रपतिको अट्को थापेर पुनः पूराना सहयात्री दलहरुसँगै फर्किएका हुन् । कतिले यसलाई प्रचण्डको अस्थिर प्रवृत्ति भनेर आलोचना गरेका छन् । यसबाट हुनै लागेको वाम शक्तिबीचको एकताको सम्भावना पनि कमसेकम तत्काललाई टरेको छ । तर केही विश्लेषकहरुका अनुसार प्रधानमन्त्रीको कुर्सीमा बसाए पनि ओलीले एकलौटी रुपमा निर्णय गरेर प्रचण्डलाई घेराबन्दीमा पार्न खोज्दा यति छिटो राजनीतिक समीकरण फेरिएको हो ।

## ११ सांसदले...

हुन् । उनी फरार छन् । र ाजकुमार गुप्ता पनि एमालेकै सांसद हुन् । सांसदहरू चौरसिया, उदयशमशेर जबरा, मोहन बस्नेत, मनोरमा शेरचन र निलम्बित सांसद टेकबहादुर गुरुङ कांग्रेसका हुन् ।

मेटमणि चौधरी नेकपा एकीकृत समाजवादी पार्टीका हुन् । नेपाल समाजवादी पार्टीका सांसद महीन्द्र राय यादव पनि समयमा सम्पत्ति विवरण नबुझाउने सूचीमा परेका छन् ।

संघीय संसद सचिवालयले भने समयमै सम्पत्ति विवरण नबुझाउने सांसदको नाम सार्वजनिक गर्न इन्कार गर्दै आएको छ । ११ जनाको नाम गोप्य रुपमा प्राप्त भएको हो । केही सांसदहरुले भुलेर, केहीले उपचारका लागि विदेश गएको भनेर संसद सचिवालयलाई सम्पत्ति विवरण नबुझाएको सचिवालयका अधिकारीहरु बताउँछन् । केही प्राविधिक र मानवीय कारणले कही सांसदले सम्पति विवरण नबुझाएको विषयलाई सामान्य भन्दै संसद सचिवालयले उनीहरुको सार्वजनिक गर्न इन्कार गरेको हो । तर, अब बाहिर आएका नामहरुले थप सुविधा नपाउने र उनीहरुलाई भ्रष्टाचार निवारण ऐन ५ हजार जरिवाना हुने सचिवालयका अधिकारीहरु बताउँछन् ।

## ठूला...

पर्न थालेका छन् । अझ कतिपय स्थानमा त निर्माणाधीन पुल भत्किएको महिनौं हुँदा समेत सरकारले उक्त काम अघि बढाउन सकेको छैन । हुलाकी राजमार्गअन्तर्गत सिराहा-धनुषा जोड्न कमला नदीमा ११ वर्षदेखि निर्माणाधीन रहेको पुल २० महिनाअघि भासिएर अलपत्र पर्दा समेत सरकारको त्यसमा ध्यान जान सकेको छैन । पप्पु कन्स्ट्रक्सन लुम्बिनी बिल्डर्सले २५ करोडको लागतमा कमला नदीमा पुल निर्माण गर्ने सम्झौता गरे पनि ११ वर्ष बितिसक्दा पुल निर्माण पूरा हुनु त परको कुरा पुल नै भासिएको छ । त्यस्तै, उपत्यकामा पनि चक्रपथ निर्माणको काम, संसद भवन, सडकका खाल्डाखुल्डी पुर्ने, फास्ट ट्र्याक, सडक चौडा बनाउने र विभिन्न भवन निर्माण कार्य अलपत्र पर्दै आएका छन् ।

तरपनि भौतिमन्त्री समयमै काम नगर्ने निर्माणव्यवसायीसँगको सम्झौता रद्द हुने दाबी भने गर्न छाड्दैनन् । 'विकास निर्माणका कार्यमा सम्झौता बमोजिम समयमै काम गर्न नसके सरकारले निर्माण व्यवसायीको सम्झौता रद्द गर्नेछ', मन्त्री श्रेष्ठले भने । तरपनि उनको निर्देशनको अवज्ञा गर्दै सडकनिर्माण देखि संसदभवन निर्माणसम्मको कार्यमा ढिलाइ हुँदैआएको छ ।

उपत्यकाभित्रका मात्रै होइन उपत्यका बाहिरका पनि अधिकांश योजना अलपत्र पर्न थालेका छन् । म्याग्दीमा मात्र सञ्चालित १९ ठूला आयोजनाको निर्माण अलपत्र परेका छन् । अलपत्र पर्नेमा गण्डकी प्रदेश सरकारका ११ र संघीय सरकारका आठवटा छन् । आठवटा आयोजना सडकसम्बन्धी छन् । संघीय र प्रदेश सरकारमार्फत सञ्चालित आयोजनाको ठेक्का अवधि सकिए पनि निर्माण पूरा नहुँदा र निरन्तरता नपाउँदा अलपत्र बनेका हुन् । सात अर्ब लागत अनुमान गरिएको राहुघाट जलविद्युत् आयोजनाबाहेकका अन्य अलपत्र र अधुरा आयोजनाको लागत चार अर्ब ५० करोडभन्दा बढी छ ।

प्रशासनिक, राजनीतिक र व्यावसायिक पहुँच भएका निर्माण व्यवसायीको अटेरी, आयोजना र कार्यालय प्रमुख तथा सरोकारवालाले चासो नदिनुका साथै पर्याप्त बजेट नआउने, निर्माण व्यवसायीले उपकरण, मजदुर परिचालन र निर्माण सामग्री जुटाउन नसक्दा आयोजना अलपत्र बनेको निर्माण व्यवसायी दाबी गर्छन् ।

सरकारसँग पूर्वाधार विकासको विहङ्गम सोंच र आयोजना व्यवस्थापनको प्रष्ट दृष्टिकोण नहुँदा पूर्वाधारका परियोजनाहरू विगतमा झैं सुस्त छन्' पूर्वाधारविद् सूर्यराज आचार्यले भने । सरकारको निर्णय क्षमताको अभाव, अवरोध सुल्झाउने प्रशासकीय-व्यवस्थापकीय क्षमता र प्राविधिक दक्षता नहुँदा यी परियोजना अन्योलमा परेको उनको भनाई छ । विकासका लागि उपलब्ध समय र अवसरको सदुपयोग गर्न नसक्दा सरकारको डेढ वर्ष खेर गएको मात्र छैन, देशको पूर्वाधार निर्माणमा फड्को मार्ने मौका पनि गुमेको चर्चा हुँदैआएको छ । कार्यक्रम स्वीकृति, अख्तियारी जस्ता विषय हटे पनि संस्थागत र कानूनी संयन्त्रमा रहेका कतिपय व्यवधान अझै नहट्न देशले विकास निर्माणको क्षेत्रमा फड्को मार्न सकेको छैन । तरपनि, हरेक सरकार जनतालाई विकासको आश्वासन दिनमै ब्यस्त छन् ।

## ठूला...

उपप्रधानमन्त्री श्रेष्ठले सिराहा-६ बसबिट्टा स्थित हुलाकी सडकमा पर्ने कमला पुल निरीक्षण गर्दै ठेकेदार कम्पनीलाई निर्देशन दिएका हुन् ।

निरीक्षणको क्रममा स्थानीयहरूले उपप्रधानमन्त्री श्रेष्ठसँग हाललाई अस्थायी पुल बनाउन माग गरेका थिए ।

मन्त्री श्रेष्ठले बाँसको पुल विस्थापित गरी तत्काल कलभर्ट राखेर वैकल्पिक अस्थायी प्रकृतिको पुल निर्माणको कार्य तत्काल सुरु गर्न समेत निर्माण कम्पनीलाई निर्देशन दिएका छुन ।

पुल नबन्दा सिराहा र धनुषाको सर्वसाधारणले निकै सास्ती खेप्नु परेको छ ।

## रोजगारदाताबाट...

रकमको विवरणसमेत पठाउन आग्रह गरेको छ । संघका महासचिव मेघनाथ भुर्तेलले विभागले माग गरेको विवरण संघले सामूहिकभन्दा व्यवसायीहरूले आ-आफ्नो तरिकाले पठाउनु व्यवहारिक हुने बताए ।

वैदेशिक रोजगारीका लागि स्थापना भएका कम्पनीलाई स्वच्छ एवं न्यायोचित भर्ना प्रणालीमा सूचीकृत हुन धेरै अघिदेखि आग्रह हुँदै आएको छ । म्यानपावर कम्पनीहरू उक्त प्रणालीमा सूचीकृत नहुँदा वैदेशिक रोजगारमा जाने कामदारले जोखिम एवं आर्थिक शोषणमासमेत पर्ने भन्दै गैरसरकारी संस्थाहरूले सन् २०२५ सम्ममा सबै वैदेशिक रोजगार कम्पनीलाई उक्त प्रणालीमा अनिवार्य सूचीकृत गराउन पहल हुनुपर्ने माग गरिरहेका छन् ।

## मौसमी...

गर्ने प्रारम्भिक प्रक्रियाका लागि नेपाली दूतावास, नियोग वा विभागमा जानकारी आउनुपर्ने व्यवस्था गरिएको छ । तर सोअनुसारको हालसम्म कुनै डकुमेन्ट नआएको भन्दै विभागका निर्देशक कृष्णप्रसाद भुसालले निर्देशिकामा मौसमी कामदारका लागि कुनै शुल्क नलाग्ने व्यवस्था गरिएकोले कसैले कुनै पनि नाममा शुल्क लिन नपाउने बताए ।

विभागले कसैले मौसमी कामदारको भिसामा दक्षिण कोरियालगायतका देशमा पठाइदिने प्रलोभन दिएमा वा रकम माग गरेमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा रहेको कल सेन्टर र विभागमा जानकारी दिन पनि आग्रह गरेको छ ।

मौसमी कामदारका लागि दक्षिण कोरिया, बेलायत र क्यानडामा अवसर रहेको चर्चा सामाजिक सञ्जालमा व्यापकरूपमा रहेका छन् । तर केही दिनअघि दक्षिण कोरियाको अध्यागमन विभागले नेपालबाट मौसमी कामदारको रुपमा कोरिया गएकामध्ये ८० प्रतिशतभन्दा बढी कामदारले तोकिएको कार्यस्थल छोडी कोरियामै लुकेर बसेको कारण देखाउँदै कम्तीमा आगामी ३ वर्षका लागि प्रतिबन्ध गरेको बताएको थियो ।

कोरियाली मौसमी कामदारसम्बन्धी कार्यविधिमा एक वर्षको अवधिमा मौसमी कामदारको भिसामा कोरिया प्रवेश गरेकामध्ये ७० प्रतिशतभन्दा बढी अवैधरुपमा बसेको प्रमाणित भएमा सम्बन्धित देशबाट कम्तीमा तीन वर्षसम्म मौसमी कामदार ल्याउन प्रतिबन्ध लगाउने व्यवस्था छ । नेपालबाट गत वर्ष गएका ८० प्रतिशतभन्दा बढी कामदार नेपाल नफर्किएको पाइएपछि नेपालीलाई रोकिएको बताइएको छ ।

नेपालबाट ईपीएसमार्फत सरकारीस्तरमा कामदार गइरहेको अवस्थामा केही स्थानीय निकायले दलाल खडा गरेर मनोमानी ढंगबाट रकम उठाई कोरिया पठाउन थालेपछि स्थानीय निकायलाई बद्नाम गराउने काम भएको भन्दै आलोचना भएको छ । कोरियन नागरिकसँग वैवाहिक सम्बन्ध रहेका नेपालीहरूले आफन्तलाई मौसमी कामदारको रुपमा लैजान सक्ने व्यवस्था भने यथावत् रहेको बताइएको छ ।

## वैदेशिक...

गौतम, उपाध्यक्षमा अर्जुन थापा, महासचिवमा विक्रम पोखेल, सचिवमा धिरज श्रेष्ठ, कोषाध्यक्षमा सागिर अलि, सह-कोषाध्यक्षमा निरज खनालगायत १५ सदस्यीय कार्यसमिति चयन गरेको छ ।

संघका निवर्तमान अध्यक्ष सोभित बिकको सभापतित्वमा सम्पन्न अधिवेशनको उद्घाटन गण्डकी प्रदेश सरकारका सामाजिक विकास मन्त्री पञ्चराम गुरुङले गरेका थिए । कार्यक्रममा पोखरा तथा आसपासका करिब पाँच दर्जनभन्दा बढी वैदेशिक रोजगार व्यवसायी र कर्मचारीसहित सयौंको उपस्थिति रहेको थियो ।

संघ साधारणसभाको उद्घाटन गर्दै कार्यक्रमका प्रमुख अतिथि मन्त्री गुरूङले आफू पनि विदेशमा पसिना बेचेर आएको भन्दै आफूलाई श्रम र वैदेशिक रोजगारीको बाध्यता र पीडा जानकारी रहेको बताए । उनले रेमिट्यान्समार्फत वैदेशिक रोजगारले राज्यलाई दिएको योगदानको अवमूल्यन गरिनु न्यायोचित नहुने भन्दै यसभित्र रहेका कमी कमजोरी हटाउन सामूहिक प्रतिबद्धताको खाँचो रहेको बताए । कार्यक्रममा संघका पूर्वसचिव जगत मोहन गिरी, मेडिकल व्यवसायी प्रवेशचन्द्र उप्रेतीलगायत व्यवसायीले वैदेशिक रोजगारले रेमिट्यान्समार्फत गरिबको घरमा खरको छानो बदलेर टिनको छानो फेर्नेदेखि राज्यको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिएको बताए । उनीहरूले अनधिकृतरूपमा खोलिएका म्यानपावर कार्यालय र उनीहरूका एजेन्टलगायतले गरेको गलत कामको दोष वैधानिक ढंगले विदेशमा कामदार पठाउने कम्पनीका शाखा सञ्चालकलाई दिन नहुने माग गरेका छन् ।

वैदशिक रोजगार देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा स्थापित भइरहेको अवस्थामा सरकारी पक्षले अवैधानिक र वैधानिक पक्षको विश्लेषण गरेर व्यवहार गर्नुपर्नेमा पनि उनीहरूको जोड रहेको छ । संघका सचिव शा मोहम्मदले कार्यक्रम सञ्चालन गरेका थिए ।


# इटहरी उप–महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
### इटहरी, सुनसरी, प्रदेश नं १, नेपाल

## उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेबल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।

***वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुर्‍याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।***



# Dolpo Buddha Rural Municipality
## Office of the Rural Municipal Executive
### Dho, Dolpa, Karnali Province Nepal

## Invitation For Electronics Bids

**Contract Identification No: DBRM/DOLPA/WORKS/NCB/09, 10-079/080**

**Date of publication: 2079/11/16 (28-02-2023).**

1. ***The Government of Nepal [GoN] has allocated*** towards following Construction works. Bidding is open to all eligible as per Section V of bidding document.
2. ***Dolpo Buddha Rural Municipality*** invites electronic bids from eligible bidders for the construction of ***following works*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
Only eligible bidders with the following key qualifications should participate in this bidding:

| SN | Description of Works | Contract ID | Key Qualification | Bid Security Amount (NRS) | Remarks |
|---|---|---|---|---|---|
| 1 | Krishtal Mountain Ma.Vi. Building Construction | DBRM/DOLPA/ WORKS/ NCB/09-079/080 | 1. Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs. 2,56,65,000.00*** 2. Minimum Work experience of similar size and nature: One (1) Contract within the last ten (10) years, with a value of at least ***NRs 1,02,70,000.00*** | 6,40,000/- | Bidding Document Fee NRs 5,000/- |
| 2 | Dho Changa Culvert Construction | DBRM/DOLPA/ WORKS/ NCB/10-079/080 | 1. Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs. 1,85,00,000.00*** 2. Minimum Work experience of similar size and nature: One (1) Contract within the last ten (10) years, with a value of at least ***NRs 75,00,000.00*** | 4,60,000/- | |

3. *Under* the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Dolpo Buddha Rural Municipality, Dho, Dolpa, Karnali Province, Nepal, ito.dolpobuddhamundolpa@gmail.com, 087-550046*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the office Rajaswa (revenue) account as specified below .
**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank** **:** Rastriya Banijya Bank Ltd. **Name of Office** **:** Dolpo Buddha Rural Municipality, Dolpa
Office Account no. : **4540100301010002** Rajaswa (revenue) Shirshak no.: 14229
6. Electronic bids must be submitted to the office ***Dolpo Buddha Rural Municipality, Dho, Dolpa*** through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00*** on ***2079/12/16 (30-03-2023)***. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00*** on ***2079/12/16 (30-03-2023)***. at the office of ***Dolpo Buddha Rural Municipality, Dho, Dolpa***. Bids must be valid for a period of ***90*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid which shall be valid for 30 days beyond the validity period of the bid ***90 Days.***
Name of the Bank : **Rastriya Banijya Bank Ltd.**
Name of Office : **Dolpo Buddha Rural Municipality, Dolpa**
Office Account no. : **4540100303000002**
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

# शहीदको नाम राजपत्रमा प्रकाशित गरिने

**काठमाडौं/मस–** सरकारले जनयुद्ध र जनआन्दोलनका शहीदको नाम राजपत्रमा प्रकाशित गर्ने भएको छ। सिंहदरबार स्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले शहीदको नाम राजपत्रमा प्रकाशित गर्ने निर्णय गरेको हो । त्यससम्बन्धी विस्तृत विवरण मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्न सञ्चार मन्त्रालयमा आयोजना हुने नियमित पत्रकार सम्मेलन सार्वजनिक गरिने सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता रेखा शर्माले जानकारी दिइन् ।

नेपालमा भएको १० वर्षे जनयुद्ध र २०६२/६३ सालको जनआन्दोलनमा शाहदात प्राप्त गरेका शहीदको विवरणलाई सरकारले राजपत्रमा प्रकाशित गर्ने भएको हो । सोमबारको मन्त्रिपरिषद्ले सार्वजनिक बिदाको दिन कुन-कुन सरकारी कार्यालय खोल्ने भन्नेबारेमा पनि निर्णय गरेको छ ।




शुक्रबारको मन्त्रिपरिषद्ले गहुँको समर्थन मूल्य प्रतिक्वीन्टल रु तीन हजार तीन सय ५१ तोक्ने, चालु आव २०७९/८० का लागि उक्त मूल्य निर्धारण गर्ने र सरकारले संघीय संसद सचिवालयमा दर्ता भई हाल राष्ट्रिय सभामा विचाराधीन रहेको प्रतिलिपि अधिकार (पहिलो संशोधन) विधेयक, २०७६ लाई फिर्ता लिन स्वीकृति दिने लगायतका निर्णय गरेको थियो ।

# ‘निजामती अस्पतालको सेवा सातै प्रदेशबाट’

**काठमाडौं/मस–** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री अमनलाल मोदीले निजामती कर्मचारी अस्पतालको सेवा सातवटै प्रदेशबाट दिइने बताएका छन् । उक्त अस्पतालको सोमबार अनुगमनका क्रममा मन्त्री मोदीले निजामतीसहित सबै राष्ट्रसेवक (प्रहरी, संस्थानका कर्मचारी, शिक्षक, जनप्रतिनिधि, खेलाडी)को उपचारको व्यवस्था गर्ने गरी अस्पतालको विकास गर्नुपर्नेमा जोड दिए । ‘सातवटै प्रदेशबाट अस्पतालको सेवा सुरु गर्ने योजना छ’, उनले भने । अनुगमनका क्रममा मन्त्री मोदीले स्वास्थ्यकर्मीले बिरामीसँग गर्ने व्यवहारमा सुधार गर्नुपर्नेमा जोड दिए । लामो समयदेखि रोकिएको अस्पताल र कर्मचारीको वृतिविकासतर्फ आफूले ध्यान दिने



उनको भनाइ थियो ।

सो अवसरमा अस्पतालका कार्यकारी निर्देशक डा. विधाननिधि पौडेलले अस्पतालले हालसम्म गरेका कामका बारेमा जानकारी गराएका थिए । उनले अस्पतालले सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको बताए । अस्पताललाई अतिविशिष्टिकृत बनाउँदै चिकित्सा विज्ञान प्रतिष्ठानको रुपमा स्थापना गरी विशिष्ट शिक्षण अस्पतालको रुपमा विकास गर्ने तयारी रहेको पौडेलले जानकारी दिए ।

अस्पतालका उपसचिव कृष्ण सापकोटाले चालू आवमा चार सय शैय्या पुऱ्याउने बताए । उनले प्रदेश तहमा अस्पतालको सेवा विस्तार गरी निजामती कर्मचारीलाई सहज रुपमा सेवा उपलब्ध गराउने बताए । चालू आव भित्रमा एमआरआई, कार्डियो, युरोलोजी, न्यूरो, रेडियोथेरापी सेवा शुरु गर्ने उनले जानकारी दिए । चीन सरकारको सहयोगमा निर्माण गरिएको सो अस्पतालले २०६५ चैत १६ गतेदेखि बहिरंग सेवा शुरु गरेको हो । अस्पतालमा हाल ७५ प्रतिशत सर्वसाधारण र २५ प्रतिशत कर्मचारी उपचारका लागि आउने गरेका बताइएको छ ।

# हिउँ नपर्दा किसान चिन्तित

**नविन अंकुर/मध्यान्ह**
मनाङ, १५ फागुन

मनाङमा हिउँद याम सकिन लाग्दासम्म हिउँ परेको छैन । विगतका वर्षमा हिमपातले आवागमन नै अवरुद्ध हुने गरेकामा यसवर्ष भने आवश्यक मात्रामा हिउँ नपर्दा समस्या भएको छ ।

फागुनको मध्यसम्म आइपुग्दा आंशिक मात्र हिउँ परेको कार्यवाहक प्रमुख जिल्ला अधिकारी शिशिर घिमिरेले बताए ।

माथिल्लो मनाङमा आंशिक हिमपात भएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) का ओम बहादुर गुरुङले बताए । ‘विगतका वर्षमा हिउँले डाँडाकाँडा र भिरपाखा सेताम्मे ढाकिएका हुन्थे, तर यसवर्ष भने आंशिक मात्रामा देखिएको छ’, उनले भने ।

यहाँको माथिल्लो क्षेत्रमा हिमपात भए पनि तल्लो क्षेत्रमा हिमपात हुन सकेको छैन। यसको असर कृषि क्षेत्रमा परेको भन्दै कृषकहरु चिन्तित छन् । यहाँ फापर, करु, जौ, स्याउलगायत उत्पादन हुनेगरेकामा पर्याप्त पानी नपुग्दा उत्पादन घट्ने सम्भावना देखिएको ताचैका कृषक सोलबहादुर गुरुङले बताए ।

मनाङमा कात्तिकको अन्तिम सातादेखि हिमपात हुनुपर्नेमा हालसम्म हुन सकेको छैन। फागुन मध्यमा पुग्दासम्म पर्याप्त हिउँ नपरेपछि हिमाली तथा उच्च पहाडी क्षेत्रका कृषक उत्पादन घट्ने भन्दै चिन्तित छन् ।

# दुई विषयगत समितिको प्रतिवेदन सभामा पेस

**काठमाडौं/मस-** राष्ट्रियसभामा दुई विषयगत समितिको वार्षिक प्रतिवेदन पेस भएको छ । सभाको सोमबारको बैठकमा समितिका सभापति डा.बेदुराम भुसालले ‘विधायन व्यवस्थापन समितिको वार्षिक प्रतिवेदन प्रतिवेदन २०७८/०७९’ पेस गर्दै समितिका अधिकांश बैठक विधेयक निर्माणमा केन्द्रित भएको बताए । त्यस अवधिमा नौ वटा विधेयकसम्बन्धी प्रतिवेदन पारित भएको, ऐन कार्यान्वयन मापन तथा अध्ययन र अनुसन्धानअन्तर्गत तीन वटा प्रचलित ऐनको कार्यान्वयन मापन गरिएको जानकारी उनले गराए । बैठकमा राष्ट्रिय सरोकार तथा



समन्वय समितिकी सभापति दीलकुमारी रावल थापा (पार्वती)ले उक्त समितिको वार्षिक प्रतिवेदन पेस गरिन् । उनले समितिको आर्थिक वर्ष २०७५/०७६, २०७६/०७७, २०७७/०७८ को वार्षिक प्रतिवेदन कार्यान्वयनको अनुगमन एवं मूल्यांकनसम्बन्धी प्रतिवेदन पेस गरेकी हुन् ।

## दुई विधेयक पारित

**हेटौंडा/मस–**बागमती प्रदेशसभाबाट प्रदेश निजामती सेवालगायत दुई विधेयक सर्वसम्मतिले पारित भएका छन् । प्रदेशसभाको बैठकबाट प्रदेश निजामती सेवाको गठन, सञ्चालन तथा सेवाका सर्त सम्बन्धमा बनेको विधेयक २०७९ तथा स्थानीय तहको सेवाको गठन तथा सञ्चालनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०७९ पारित गरिएका हुन् ।

आइतबार विधेयक व्यवस्थापन समितिले उक्त विधेयकका विषयमा दफावार छलफल गरेपछि दुवै विधेयक प्रदेशसभामा पेस गरिएको थियो । प्रदेशसभामा सभामुख भूवनकुमार पाठकले बैठकमा निर्णयार्थ पेस गरेका दुवै विधेयकलाई पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले सभाबाट स्वीकृत गरेको थियो ।

सो सभाले विधेयक स्वीकृत गरेसँगै प्रदेश प्रमुख यादवचन्द्र शर्माबाट प्रमाणीकरण भएपछि तत्काल कार्यावन्यनमा आउने बताइएको छ । प्रदेश निजामती सेवा नभएका कारण कर्मचारी व्यवस्थापनमा समस्या भएको थियो ।

# काठमाडौं–केरुङ रेलमार्गको गहन अध्ययन गरिँदै

**काठमाडौं/मस–** काठमाडौं-केरुङ रेलमार्गको गहन अध्ययन गरिने भएको छ । आगामी महिनाबाट गहन अध्ययन गरिन लागेको हो । विज्ञ जनशक्ति थप गरेर मार्चदेखि गहन अध्ययन गरिने चिनियाँ पक्षले तयारी गरेको छ ।

दुई महिना पहिले विस्तृत अध्ययनका लागि चिनियाँ टोली काठमाडौं आएको थियो । तर उक्त टोली नयाँ वर्ष मनाउन फर्किएको थियो । उक्त टोली आएलगत्तै विस्तृत अध्ययन थालिने रेल विभागका प्रवक्ता (सिनियर डिभिजनल इञ्जिनीयर) अमन चित्रकारले बताए ।

उनीहरु फर्केपछि आवश्यक प्राविधिक जनशक्ति पनि थप हुने जनाइएको छ ।

पहिलो चरणमा आएका व्यक्ति रेलसम्बन्धी विज्ञ रहेको प्रवक्ता चित्रकारले बताए । त्यसमा पनि तिब्बत क्षेत्रमा रेल निर्माणमा संलग्न मान्छे आएर सर्वेक्षण गरेका थिए ।

चिनियाँ पक्षले ‘स्टाण्डर्ड गेज’ मा निर्माण हुनेगरी अध्ययन गर्ने विभागले जनाएको छ । भारतीय पक्षले निर्माण गरेको रेलमार्ग ‘ब्रोड गेज’ मा रहेकामा विश्वमा पछिल्लो र आधुनिक मानिने स्ट्यान्डर्ड गेजमा अध्ययन हुन लागेको हो । नेपालले सकेसम्म एउटै गेज गर्दा राम्रो हुने र यसले गर्दा भविष्यमा सञ्चालन र मर्मतमा सजिलो हुने
उनले बताए ।

नेपालमा ट्याक गेज प्राविधिक विषय मात्रै नभएर रणनैतिक विषय भएकाले पनि त्यसमा थप छलफल आवश्यक हुने प्रवक्ता चित्रकारले बताए ।

चीनमा पनि केरुङबाट सिङाचेसम्म रेल निर्माण भएर सञ्चालनमा छ । त्यसबाट



पश्चिम अध्ययनको काम सुरु भइसकेको र राष्ट्रिय योजनामा यसलाई समेटेर द्रुत गतिमा काम अघि बढाइरहेको प्रवक्ता चित्रकारले बताए ।

रेल विभागका महानिर्देशक रोहितकुमार बिसुरालले नयाँ वर्ष मनाउन चीन फर्किएको टोली आएपछि नै अध्ययन अघि बढ्ने बताए । अध्ययन साढे तीन वर्षमा सकाउने लक्ष्य रहेको उनको भनाइ छ ।


## चिशंखुगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सेर्ना, ओखलढुंगा
प्रदेश नं. १, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशन मिति: २०७९/११/१६**

चिशंखुगढी गाउँ कार्यपालिकाको कार्यालय, सेर्ना, ओखलढुंगाको मिति २०७९/०९/२६ गते हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना तथा **e-GP system** मा प्रकाशित विद्युतिय बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार रीतपूर्वक **E-bid submission** मार्फत पेश हुन आएका बोलपत्रहरु मूल्याङ्कन हुँदा निम्न बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही रहेकोले उक्त बोलपत्रहरु स्वीकृतीका लागि छनोट गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.कर सहित) |
|---|---|---|---|
| १ | (CRM/NCB/WORKS/08/079/80) Construction of Kuibhir-Necha Bihibare Road. | **Sirjanshil Construction Company Pvt. Ltd.,** Minbhawan, Kathmandu, Nepal. | ५६,४५,७५६.४४/- |
| २ | (CRM/NCB/WORKS/09/079/80) Construction, Repair and Maintenance of Road from Kalimati to Khanibhanjyang. | **Shakya Nirman Sewa Pvt. Ltd.,** Siddhicharan Municipality-12, Okhaldhunga, Nepal. | ४३,४५,२२५.१५/- |

**प्रमुख प्रशासकीय अधिकृत**

## कुवेतमा रोजगार
कम्पनी: FAWAZ AL KHALEEJIYA GEN TRAD & CONT CO
शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/११/१५ चलानी नं.: ६०१९७२६१ LT. No.: 281792

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CLEANER (INDOOR) | 100 | 0 | सम्बन्धित काममा दक्ष | 90 | ३८,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | PORTER | 100 | 0 | | 95 | ४०,८७१ | | | | | | | |
| 3. | Security Guard | 100 | 0 | | 220 | ९४,६५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ फागुन २६ देखि २९ गते सम्म (10 to 13 March 2023) मा हुनेछ ।**

**अन्तर्वार्ता झापा शाखामा २०७९ फागुन २८ गते (12 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**निलकमल ह्युमन रिसोर्स प्रा. लि.**
Gov. lic. No. 793/065/66
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोन: ५९१६७१३, ५९१६७१४, मो.: 9818394474, 9802099411
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com
Chitwan branch: 056598203 | Jhapa Branch: 023590316 | Mobile: 9807978130

## कतार र साइप्रसमा रोजगार
कम्पनी: AL WASIT CABINS
शहर: Qatar,DOHA

पूर्व स्वीकृत मितिः २०७९/११/१५ चलानी नं.: ६०१९७२६५ LT. No.: 281753

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,२८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | CERAMIC WORKER | 5 | 0 | | 1200 | ४३,२८४ | | | | | | | |
| 3. | CIVIL ENGINEER | 1 | 0 | | 4200 | १,५१,४९४ | | | | | | | |
| 4. | machine operator | 4 | 0 | | 1900 | ६८,५३३ | | | | | | | |
| 5. | PLASTER WORKER | 10 | 0 | | 1200 | ४३,२८४ | | | | | | | |

कम्पनी: ORTHODOXOU EMPLOYMENT BUREAU LTD. शहर: Cyprus, LARNACA

पूर्व स्वीकृत मितिः २०७९/११/१५ चलानी नं.: ६०१९७२६६ LT. No.: 281715

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Worker / Labour | 2 | 2 | सम्बन्धित काममा दक्ष | 465 | ६४,७९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chambermaids | 0 | 3 | | 612 | ८५,२८२ | | | | | | | |
| 3. | Cook | 5 | 0 | | 800 | १११,४८० | | | | | | | |
| 4. | DOMESTIC WORKER | 0 | 5 | | 315 | ४३,८९५ | | | | | | | |
| 5. | Waiter/Waitress | 4 | 4 | | 787 | १०९,६६८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २३ गते (7 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Mobhira Recruitment Consultancy services (P.) Ltd.**
श्रम इजाजत नं. १४६९/०७४/०७५
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोन: ०१-४३७८८४२, ४३७८९३६,
मो.: ९८२३६६८१६०, ९८०१०८५६३९
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com

## BAHRAIN मा रोजगार
कम्पनी: WAZO BEAUTY CENTER
शहर: Bahrain

पूर्व स्वीकृत मिति: २०७९/११/१५ चलानी नं.: ६०१९७२६४ LT. No.:281731

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 3 | स. काममा दक्ष | 150 | ५१,७७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २३ गते (7 March 2023) मा हुनेछ**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Tiger Overseas Employment Services Pvt. Ltd.**
Govt Lic. No: 335/059/060
Dhumbarahi, Kathmandu, 01-4518997
Email : info@tigeroverseas.com.np, Website: www.tigeroverseas.com.np

## सम्पादकीय

### गलत नजीरको भय

सोमबार भएको दुई आदेशले समाज फेरि एकपटक विभाजित बन्न पुगेको छ । बलात्कार अभियोग लागेका क्रिकेटर सन्दीप लामिछानेको माग बमोजिम सर्वोच्च अदालतले आदेश दिएको छ भने अर्को त्यस्तै प्रकृतिको आरोपमा कारागारमा बसिरहेका कलाकार पल शाह थुनामुक्त भएका छन् । एक नाबालिगलाई बलात्कार गरेको आरोपमा गत वर्ष फागुन १५ मा शाहले आत्मसमर्पण गरेका थिए । उनलाई जिल्ला अदालत तनहुँले साढे दुई वर्ष कैद र पीडितलाई दश लाख क्षतिपूर्ति दिन आदेश दिएको थियो । तर त्यस उपर पुनरावेदन गएका शाहलाई उच्च अदालत पोखराले थुनामुक्त गर्ने आदेश दिएको छ । न्यायाधीशहरू डिल्लीराज आचार्य र श्रीधरा कुमारी पुडासैनीले दिएको आदेश बमोजिम शाह सोमबार थुनामुक्त भए । उनी थुनामुक्त हुँदा उनका समर्थकहरूले फुलमालाले स्वागत गरेका थिए ।

पोखरामा त्यस्तो दृष्य देखिदै गर्दा काठमाडौंमा सर्वोच्च अदालतले पनि मागदाबी भन्दा बढी सुविधा सहित क्रिकेटर लामिछानेको पक्षमा आदेश दिएको छ । न्यायाधीशहरू सपना प्रधान मल्ल र कुमार चुडाँलको संयुक्त इजलासले लामिछानेलाई क्रिकेट खेल्न विदेश जाने छुट दिएको हो । बलात्कारकै आरोप लागेका लामिछानेलाई थुनामा राखेर अनुसन्धान गर्न जिल्ला अदालत काठमाडौंले आदेश दिएको थियो । त्यसमा पुनरावलोकन गएका लामिछानेलाई उच्च अदालत पाटनले विदेश जान नपाउने लगायत सर्तहरू राखेर थुनामुक्त गरेको थियो । यही सुविधामा टेकेर लामिछानेले राष्ट्रिय टीमबाट क्रिकेट खेले । फेरि दुबइमा भइरहेको क्रिकेट खेल्न जान पाउनुपर्ने मागकै पक्षमा सर्वोच्च अदालतले आदेश दिएको छ ।

शाह र लामिछाने नेपाली समाजका शक्तिशाली पात्र हुन् । गीत संगीत क्षेत्रमा शाह र खेल क्षेत्रमा लामिछानेको ठूलो प्रभाव छ । त्यसैलाई आधार मानेर उनीहरूविरूद्ध मुद्दा चल्दा र फैसला हुँदा समाज विभाजित बन्न पुगेको हो । एकातिर आरोपितको समर्थनमा सडक प्रदर्शन हुने र अर्कातिर पीडकलाई लाभ पुग्नेगरी आदेश आएको भनी विरोध देखिएको छ । यस्तो दृष्य र दबावले महिला हिंसाका मुद्दामा गलत नजीर बस्ने भएपनि छदैछ । त्यसतर्फ समेत ठूलै पंक्ति सचेत छ । तर आरोपित पक्राउ पर्दा, अन्तरिम आदेश आउँदा र थप फैसलाबारे आवश्यकता भन्दा बढी मतभेद हुनु गम्भीर विषय हो । किनकि हिंसाविरूद्धको समाज निर्माणमा शून्य सहनशीलता आवश्यक पर्छ । त्यसमा कानूनी शासनलाई विश्वास गर्नुको अर्को विकल्प हुन्न । तर भावनामा आधारित बहस, दबाव र अभिव्यक्तिले गलत नजीर बस्ने मात्रै नभएर समाजमा गलत सन्देश प्रवाह हुने खतरा धेरै छ । यसतर्फ ध्यान दिएर न्यायिक क्षेत्रबाट फैसला हुन आवश्यक छ ।

# असल नेतृत्वको खोजी

*राजनीतिक दर्शन या वादलाई मात्रै होइन, त्यो दलभित्रको असल नेतृत्वलाई सहयोग गर्नु जनता र कार्यकर्ताको दायित्व हो । राजनीतिक पार्टी र विचारको भरमा मात्रै कोही कसैको पनि पछि लाग्नु हुँदैन । राजनीतिक पार्टी र वादको आवरणमा निकै गलत नियतका थुप्रै पात्रहरू रहेको विषयलाई नजरअन्दाज गर्न सकिन्न ।*

अग्रलेख



● रवीन्द्रनाथ पोखरेल



रामचन्द्र पौडेल सभामुख भएको बेला राष्ट्रियताको विषयलाई लिएर निकै विवादमा तानिएका थिए । संसदमा नेपालको हितमा ल्याएको संकल्प प्रस्तावलाई पास हुनबाट रोकेर उनी चर्चामा आएका थिए । उनीमाथि भारतलाई 'गुन लगाएको' भनेर पनि निकै आलोचना भएको थियो र अहिले पनि बेला बखत उक्त विषय उठ्ने गरेको छ । यसपटक राष्ट्रपतिको उम्मेदवार बन्दै गर्दा र सत्ता समीकरण फेरिँदै गर्दा रामचन्द्रमाथि तत्कालिन घटनालाई लिएर अनेकन टिप्पणी भइरहेका छन् । कतिपयले उनको उम्मेदवारीलाई भारतले 'गुन तिरेको' भनेर पनि टिप्पणी गरेका छन् । हुनत रामचन्द्रको विषय मात्रै होइन कांग्रेसको समग्र राजनीतिक नेतृत्वमाथि नै बेलाबखत निकै असजिला प्रश्नहरु उठ्ने गरेका छन् ।

विश्वेश्वरप्रसाद कोइरालाको अवसानपछि या त गणेशमान सिंह या कृष्णप्रसाद भट्टराईमाथि भएका घात अन्तर्घातका चोटिला घटनाक्रमले हुन् या त २०४६ सालपछि राष्ट्रियताका मामिलामा चुकिएका घटनाले हुन् नेपाली कांग्रेसको नेतृत्वप्रति गम्भीर प्रश्नहरु उठ्ने गरेका छन् । नेपाली कांग्रेसले गरेको राजनीति नेपाली राष्ट्रियता र गरीब नेपाली जनताको हितमा छ कि कुर्सी स्वार्थका लागि छ भन्ने प्रश्नहरु पनि उठ्छन् । कांग्रेसमाथि विशेषगरी शक्ति राष्ट्रहरुको तथा छिमेकी मुलुक भारतको इशारामा, उनीहरूकै हितका लागि 'खेतालो' बनेर राष्ट्रघातको राजनीति गरेको भनेर पनि आरोपहरु लाग्ने गरेका छन् ।

अहिलेको घटनाक्रमबाट नेपाली जनता सहजरूपमा बुझ्ने र सचेत हुने मौकापनि पाएका छन् । समय बदलिएसँगै जनताको चेतना स्तरमा पछिल्ला घटनाक्रमले अझ विकसित हुने मौका पाएको छ । जसले यतिञ्जेल कुण्ठित राजनीतिक दलको दासताले जीवन पर्यन्तसम्म पनि गाँजिएको 'झोले प्रणाली'को मानसिकता समाप्त भएर समय सापेक्ष मन र मत रूपान्तरण गर्न पाउने स्वतन्त्रताको हक अधिकार उपयोग गर्नसक्ने सामर्थ्यको विकास हुनेछ ।

त्यसकारण अहिलेसम्मको विश्व दार्शनिकहरुको मान्यताको आधारमा कुनैपनि राज्य व्यवस्था या दर्शन, विचार, नीति, सिद्धान्त र समग्रमा कुनै निश्चित वाद खराब हुँदैन । दर्शन र कुनै राजनीतिक विचारलाई दोष दिनु भनेको अध्ययन र चिन्तन बिना कुनै राजनीतिक दलको पछि लागेर अन्धाधुन्धरूपमा व्यक्ति र शक्ति परस्त हुँदै नितान्तरूपमा स्वार्थका लागि मरिहत्ते गर्नेहरु त भेँडाको बथानको भीड जस्ता मुर्खले मात्रै हो । यसलाई विश्व राजनीति इतिहासले पनि पुष्टि गरिसकेको छ ।

नेपाली राजनीति फाँटमा पनि यसको ज्वलन्त उदाहरणका निमित्त नेपाली राजनीति धरातलमै जन्मे हुर्किएका नेपाल कम्युनिस्ट पार्टीका स्वर्गीय नेता मदन भण्डारी साक्षी हुन् । उनी नेपाली कांग्रेसका संस्थापक नेता प्रजातान्त्रिक समाजवादका प्रवर्तक विश्वेश्वरप्रसाद कोइराला र उनको विचार र नीतिबाट प्रभावित नेता हुन् । जसको परिणामस्वरूप विश्व कम्युनिस्ट आन्दोलन र नेताले स्वीकार गर्न नसकेको संसदीय प्रणालीलाई स्वीकार गर्दै नेपालमा जनताको बहुदलीय जनवादलाई स्थापित गर्न सफल भए ।

जनयुद्ध अन्तको नाममा भारतको शरणमा गएर ब्राह बुँदे सहमति गराउने प्रमुख भूमिका गिरिजाप्रसाद कोइराला र प्रचण्डले खेले । यद्यपि यसमा प्रचण्डले "नेपालमै वार्ता गरौं र राष्ट्रिय हितको सहमतिमा गएर टुङ्गोमा पुग्न सकिन्छ" भन्ने प्रस्ताव राखेको पनि पाइन्छ । जतिबेला जनयुद्धको अन्तसँगै अग्रगामी छलाङ मार्न सकिन्छ भन्दापनि गिरिजामा दरबारबाट हुनसक्ने अनेक षड्यन्त्र, भय, त्रास र मृत्युको सन्देहले उनलाई सताएको र सुरक्षाको उपाय खोज्दा पून: भारत नै रोजाइको केन्द्र पर्न गएको भेटिन्छ । जनयुद्धबाट थाकेका र गलिसकेका जनयुद्धका कमाण्डर प्रचण्ड त्यस प्रस्ताव पत्याउन बाध्य भएका हुनसक्छन् ! जे कारणले उक्त सम्झौता भएको भएपनि नेपालमाथि हाबी हुने मौका भारतलाई मिल्यो । नेपालको गणतन्त्र र संविधानमाथि धावा बोल्ने अवस्था उसले निर्माण गर्‍यो ।

गणतन्त्रको लागि त मदन भण्डारीले २०४८को संसदीय निर्वाचनका क्रममा नै शंखघोष गरेका थिए । उनले "राजालाई शक्ति र हिम्मत भए श्रीपेच फुकालेर मैदानमा आऊ" भनेर त्यतिबेला नै राजतन्त्रको विरुद्धा विद्रोह गरेका थिए । त्यसैले पनि मदन भण्डारीको मृत्यु हुनुमा दरबार, स्वयम् उनकै पार्टी र गणतन्त्रका मसिहाको कतै हात त थिएन भन्ने ठाउँ रहेको छ । जबकि गिरिजाप्रसादले "मदन भण्डारीको मृत्युमा ग्राइण्ड डिजाइन छ" भन्नू तर, सत्तामा हुँदा मौन रहनुको कारण के ? त यसकारणले यहाँ कोही चोखिनु र बिटुलिनुको कुनै औचित्य पनि छैन । अझ ठोसरूपमा भन्ने हो भने आजसम्मको मितिमा नेकपा (एमाले) पार्टी पनि त्यही मदन भण्डारीको विचार र मनमोहनको निष्ठाको अडानमा बाँचेको छ ।

यद्यपि मदन भण्डारीको सवारी दुर्घटनामा परेर मृत्यु हुनुपनि अझै रहस्यमय छ भने स्वयम् नेकपा एमालेका अहिलेका नेताले मदन भण्डारी र मनमोहन अधिकारीको नाम भजाएर टिकाएको पार्टीको आयु कति हो त्यो भने अनिश्चित नै छ । यदि मदन भण्डारीको नयाँ विचार र मनमोहन अधिकारीको निष्ठाको राजनीति नभई दिएको भए केपी ओली, माधव नेपाल, झलनाथ खनाल, सुवासचन्द्र नेम्वाङको स्वार्थको राजनीतिले एमाले पार्टी धेरै अघि नै समाप्त हुने थियो । यसको तथ्य प्रमाणलाई खोजियो भने भर्खरै सम्पन्न संसदीय निर्वाचनमा नेपालका मार्क्सवादी प्रवक्ता घनश्याम भुसाल जस्तो व्यक्तिलाई ओलीले पाखा लगाउनुलाई पनि एक ढंगले केलाउन सकिन्छ ।

